# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

खण्डः ९ संख्याः ४ मितिः२०८२।०८।०१

## भाग - २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

बागमती गाउँपालिकाको खेलकुद एकेडेमी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन, २०८२ सहित)

## प्रस्तावना

स्थानीय तह देखि नै खेलकुदको संस्थागत विकास गरी दक्ष र अनुशासित खेलाडी उत्पादन गर्ने उद्धेश्यले, स्थानीय बालबालिकाको खेल क्षमता विकास गरी दक्ष खेलाडीको रुपमा विकास गर्न, स्थानीय तहमा नै सिक्ने र खेल्ने उपयुक्त वातावरण तयार गरी सुरक्षित आवास र अध्ययन सहितको फुटबल एकेडेमी सञ्चालन गर्नका लागि, खेलकुद क्षेत्रलाई नेपालको संविधानको धारा ६७ (४) को प्रावधान अनुरुप, राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४ (४) र (५) ले दिएको अधिकार एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) र (२) बमोजिम **"बागमती गाउँपालिकाको खेलकुद एकेडेमी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१"** तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १ : संक्षिप्त नाम र प्रारम्भ

१) संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम बागमती गाउँपालिकाको खेलकुद एकेडेमी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहनेछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्तै लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) **गाउँपालिका** भन्नाले बागमती गाउँपालिका, मकवानपुरलाई जनाउनेछ ।

(ख) **एकेडेमी** भन्नाले बागमती गाउँपालिकाद्वारा स्थापना तथा सञ्चालित फुटबल एकेडेमीलाई जनाउनेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(ग) **कार्यविधि** भन्नाले बागमती गाउँपालिकाको बागमती गाउँपालिकाको खेलकुद एकेडेमी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ जनाउनेछ ।

(घ) **व्यवस्थापन समिति** भन्नाले एकेडेमीको सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि गठन गरिने समितिलाई जनाउनेछ ।

(ङ) **प्रशिक्षक** भन्नाले एकेडेमीमा फुटबल खेल सम्बन्धी सीप, प्रविधि र अनुशासनको प्रशिक्षण प्रदान गर्ने अधिकृत व्यक्तिलाई जनाउनेछ ।

(च) **खेलाडी** भन्नाले यस कार्यविधि अनुसार छनोट प्रक्रिया पूरा गरी एकेडेमीमा प्रशिक्षण लिइरहेका व्यक्तिलाई जनाउनेछ ।

(छ) **अनुगमन समिति** भन्नाले एकेडेमीको कार्यान्वयन, गुणस्तर तथा प्रभावकारिताको मूल्याङ्कन गर्ने प्रयोजनका लागि गठन गरिने समितिलाई जनाउनेछ ।

(ज) **सहयोगी संस्था** भन्नाले एकेडेमीको स्थापना, सञ्चालन वा प्रवर्द्धनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने स्थानीय, प्रादेशिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था वा निकायलाई जनाउनेछ ।

(झ) **दर्ता अवधि** भन्नाले एकेडेमीमा प्रशिक्षार्थी भर्ना लिँदा एकेडेमीले निर्धारण गरेको अवधिलाई जनाउनेछ ।

(ञ) **सम्झौतापत्र/करारनामा** भन्नाले प्रतियोगितामा सहभागी हुने क्लब, समिति वा कुनै टोली तथा फुटबल एकेडेमी र प्रशिक्षार्थी खेलाडी बीच भएको करारलाई जनाउनेछ ।

(ट) **निरोगिताको प्रमाणपत्र** भन्नाले नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त चिकित्सकबाट निरोगी रहेको भनि गरेको सिफारिस पत्रलाई जनाउनेछ ।

(ठ) **बिमा गरेको पत्र** भन्नाले विमित निकायहरुमा खेलाडीको बिमा गरेको प्रमाणपत्रलाई जनाउनेछ ।

## परिच्छेद २ : खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

**३) खेलकुद विकास समितिको गठन र सञ्चालन :** गाउँपालिका क्षेत्रभित्र खेलकुद सम्बन्धी दीर्घकालीन योजना तयारी, खेलकुद गतिविधि सञ्चालन, व्यवस्थापन, नियमन र विकासका लागि बागमती गाउँपालिका खेलकुद विकास समिति कार्यविधि, २०७७ बमोजिम गठित समिति बमोजिम हुनेछ ।

**४) खेलकुद विकास समितिको काम, कर्तव्य तथा अधिकार :** बागमती गाउँपालिकाको खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार बागमती गाउँपालिकाको खेलकुद विकास समिति कार्यविधि, २०७७ बमोजिम एवं सोको अलवा देहायानुसार हुनेछ :

(१) गाउँपालिकामा खेलकुद नीति तथा कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

(२) फुटबल एकेडेमीको सञ्चालन, व्यवस्थापन तथा आवश्यक स्रोतसाधन व्यवस्थापन गर्ने ।

(३) खेल संरचनाहरू (खेलमैदान, प्रशिक्षण केन्द्र आदि) निर्माण र संरक्षण गर्ने ।

(४) स्थानीय, प्रदेश तथा राष्ट्रिय खेलकुद निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(५) प्रतिभाशाली खेलाडी पहिचान गरी आवश्यक छात्रवृत्ति तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

(६) खेल प्रशिक्षक तथा व्यवस्थापकहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(७) खेलाडीहरूको शारीरिक, मानसिक तथा प्राविधिक सुधारका लागि वैज्ञानिक दृष्टिकोणको प्रयोग गर्ने ।

(८) खेल सम्बन्धी प्रतियोगिता तथा महोत्सव आयोजना गरी खेलकुदको प्रवर्द्धन गर्ने ।

(९) खेल गतिविधिहरूको अनुगमन, मूल्याङ्कन तथा प्रभाव अध्ययन गरी आवश्यक सुधारका सिफारिसहरू गर्ने ।

(१०) निजी क्षेत्र, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय दातृ संस्थासँग साझेदारी गरी खेलकुद प्रवर्द्धनका लागि स्रोत परिचालन गर्ने ।

(११) गाउँपालिका भित्रका विद्यालयहरूसँग सहकार्य गरी विद्यालयस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।

(१२) महिला, अपांगता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायलाई खेलकुदमा सहभागी गराउने विशेष कार्यक्रम सञ्चालन गर्ने ।

(१३) खेलाडीहरूको सामाजिक सुरक्षा तथा स्वास्थ्य सुरक्षाका लागि आवश्यक नीति निर्माण गर्ने ।

(१४) खेलकुद गतिविधिका लागि बजेट विनियोजन तथा वित्तीय स्रोतको पारदर्शी व्यवस्थापन गर्ने ।

(१५) खेलाडी अनुशासन, आचारसंहिता तथा अन्य कानुनी प्रावधानहरूको कार्यान्वयन सुनिश्चित गर्ने ।

५) **बागमती गाउँपालिका खेलकुद विकास समिति सम्बन्धी अन्य व्यवस्था :** बागमती गाउँपालिका खेलकुद विकास सम्बन्धी कार्यविधि, २०७७ एवं गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३

## बागमती फुटबल एकेडेमीको स्थापना र सञ्चालन

९) **फुटबल एकेडेमी स्थापना र सञ्चालन :** (क) आधारभूत तह देखि नै फुटबल क्षेत्रको विकासका लागि गाउँपालिकाले बागमती फुटबल एकेडेमीको स्थापना र सञ्चालन गर्नेछ ।

(ख) हालका लागि फुटबल एकेडेमीको स्थापना र संचालन बागमती गाउँपालिकाको कार्यालय रहेको स्थान, झुरझुरेमा गरिनेछ । साथै बागमती गाउँ कार्यपालिकाले निर्णय गरी आवश्यकतानुसार पायक पर्ने स्थान छनोट गरी संचालन गर्न बाधा पर्ने छैन ।

(ख) फुटबल एकेडेमीमा प्रारम्भमा ३० जना महिला (छात्रा) र ३० जना पुरुष (छात्र) को छनौट गरी उनीहरुलाई आवश्यकता अनुसार आवासीय सुविधा सहित नियमित रुपमा फुटबल प्रशिक्षण गराइने छ ।

(ग) भौतिक पूर्वाधार, आर्थिक श्रोत व्यवस्थापन र प्रदेश तथा सङ्घीय सरबाट हुने सहयोगको आधारमा प्रत्येक वर्ष खेलाडी थप गर्न सकिने छ ।

**१०) फुटबल एकेडेमी व्यवस्थापन समिति :** (क) गाउँपालिकाले सञ्चालन गर्ने फुटबल एकेडेमी व्यवस्थापनका लागि तपसिल बमोजिमको फुटबल एकेडेमी व्यवस्थापन समिति रहनेछ :

| | | |
|---|---|---|
| * (अ) | गाउँ कार्यपालिकाले तोकेको सदस्य | संयोजक |
| (आ) | शिक्षा, युवा तथा खेलकुद विकास शाखाको प्रमुख | सदस्य |
| (इ) | सामाजिक विकास शाखाको प्रमुख | सदस्य |
| (ई) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको प्रमुख | सदस्य |
| (उ) | एकेडेमीमा भर्ना हुने प्रशिक्षार्थीका अभिभावक मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| (ऊ) | गाउँपालिकास्तरीय युवा वा बाल सञ्जालका प्रतिनिधि (एक छात्रा सहित) दुई जना | सदस्य |
| (ए) | मुख्य प्रशिक्षक | सदस्य |
| | ** बागमती गाउँपालिका खेलकुद विकास समितिको अध्यक्ष | सदस्य |
| | ** फुटबल एकेडेमी सञ्चालन हुने सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| | ** फुटबल एकेडेमी सञ्चालन हुने विद्यालयको वि.व्य.स. अध्यक्ष र प्र.अ. | सदस्य |
| (ऐ) | प्रशासन शाखाको प्रमुख | सदस्य-सचिव |

११) **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** एकेडेमी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) फुटबल एकेडेमीको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) प्रशिक्षक, खेलाडी तथा अन्य आवश्यक मानव संसाधनको व्यवस्थापनका लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

(ग) एकेडेमीको वार्षिक कार्ययोजना, बजेट तथा नीतिगत दस्तावेजहरू तयार गर्ने ।

(घ) खेल मैदान, प्रशिक्षण स्थल तथा अन्य पूर्वाधारहरूको संरक्षण र विस्तारका लागि गाउँपालिकासँग सहकार्य गर्ने ।

---

* प्रथम संशोधन, २०८२ बाट संशोधित

** प्रथम संशोधन, २०८२ बाट थप गरिएको

बागमती गाउँपालिका, मकवानपुर

(ङ) खेलाडी छनोट प्रक्रिया निष्पक्ष, समावेशी र पारदर्शी बनाउन आवश्यक प्रबन्ध गर्ने ।

(च) फुटबल प्रशिक्षण कार्यक्रमको सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(छ) स्थानीय, प्रदेश तथा राष्ट्रिय खेल निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

(ज) एकेडेमीका खेलाडीहरूलाई छात्रवृत्ति, आवश्यक सुविधा तथा प्रेरणादायी कार्यक्रम उपलब्ध गराउने ।

(झ) फुटबल सामग्री तथा अन्य आवश्यक स्रोत साधनहरूको व्यवस्था गर्ने ।

(ञ) अनुशासन तथा खेलाडी आचारसंहितालाई कार्यान्वयन गर्ने ।

(ट) एकेडेमीका प्रशिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा कार्यशाला आयोजना गर्ने ।

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा खेलाडीहरूको सहभागिता सुनिश्चित गर्ने ।

(ड) एकेडेमीको दीर्घकालीन विकासका लागि स्रोत व्यवस्थापन तथा साझेदारी कार्यक्रम सञ्चालनमा गाउँपालिकालाई प्रत्यक्ष रुपमा सहयोग गर्ने ।

(ढ) आर्थिक तथा प्रशासनिक हिसाबले पारदर्शिता कायम राखी वार्षिक प्रतिवेदन तयार गर्ने ।

(ण) खेलाडीहरूको स्वास्थ्य, सुरक्षा तथा पुनर्स्थापना कार्यक्रम लागू गर्ने ।

१२) **व्यवस्थापन समितिको बैठक तथा अन्य व्यवस्था** : (क) व्यवस्थापन समितिको बैठक मासिक रुपमा बस्नेछ । बैठक सञ्चालन प्रक्रिया र बैठकसँग सम्बन्धित अन्य कार्यहरु व्यवस्थापन समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

**१३) फुटबल एकेडेमीमा कर्मचारी सम्बन्धी व्यवस्था :** (क) आवासीय सुविधा सहितको फुटबल एकेडेमीमा प्रशिक्षक बाहेक न्यूनतम रुपमा देहाय बमोजिमका कर्मचारी हुनु पर्नेछ :

(१) फिजियो : १

(२) स्वास्थ्यकर्मी : १

(३) व्यवस्थापकीय सहयोगी : १

(४) भान्छे : १

(ख) कर्मचारीको सेवा, शर्त र सुविधा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद ४ : खेलाडीको छनौट

**१४) खेलाडीको छनौट :** (क) गाउँपालिका भित्र रहेका वडा तथा विद्यालयहरु सँगको समन्वयमा एकेडेमीमा रहने प्रशिक्षार्थी खेलाडीको छनौट गरिने छ । यसका लागि इच्छुक प्रशिक्षार्थी खेलाडी र अभिभावकले अनुसूची १ मा उल्लिखित ढाँचामा निवेदन दिनु पर्नेछ भने सोसँगै अनुसूची २ मा तोकिएको ढाँचामा वैयक्तिक विवरण फाराम भरी निवेदनका साथ पेश गर्नु पर्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(ख) प्रशिक्षार्थी खेलाडीको छनौटका लागि एकेडेमी व्यवस्थापन समिति अन्तर्गत रहने गरी एक छनौट समिति गठन गरिने छ, जुन देहाय बमोजिम हुनेछ :

(अ) खेलकुद एकेडेमीका प्रशिक्षक : संयोजक

(आ) गाउँपालिका खेलकुद विकास समितिका तोकिएका सदस्य : सदस्य

(इ) एकेडेमी व्यवस्थापन समितिका तोकिएका सदस्य : सदस्य

(ई) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख : सदस्य सचिव

(ग) खेलाडी छनौटका लागि गाउँपालिका खेलकुद विकास समितिले कम्तीमा १५ दिनको म्याद कायम गरी सार्वजनिक सूचना जारी गर्नु पर्नेछ । यसरी सार्वजनिक गरिएको सूचना सबै लक्षित क्षेत्रमा पहुँच हुने गरी सार्वजनिक गर्नु पर्नेछ ।

(घ) खेलाडी छनौट कार्यको अनुगमन तथा सुपरीवेक्षण खेलकुद विकास समिति, एकेडेमी व्यवस्थापन समिति र गाउँ कार्यपालिकाले गर्नेछ ।

**१५) खेलाडी छनौटका मापदण्डहरु :** खेलाडी छनौटका मुख्य मापदण्ड देहाय बमोजिम हुनेछन् :

(क) उमेर आवेदनको वखत छात्रको हकमा १० वर्ष पूरा भई १४ वर्ष ननाघेको हुनु पर्नेछ भने छात्राको हकमा १० वर्ष पूरा भई १५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) बागमती गाउँपालिका वा मकवानपुरका छिमेकी स्थानीय तहभित्र बसोबास गर्ने वा त्यहाँका सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हुनु पर्नेछ ।

(ग) खेलकुदमा विशेष रुचि तथा आधारभूत सीप भएको हुनु पर्नेछ ।

(घ) शारीरिक रूपमा स्वस्थ तथा खेलकुदका लागि उपयुक्त स्वास्थ्य अवस्था भएको प्रमाणित हुनु पर्नेछ ।

(ङ) फुटबल खेल सम्बन्धी प्रारम्भिक परीक्षण (ट्रायल) मा उत्तीर्ण हुनु पर्नेछ ।

(च) अनुशासन, लगनशीलता तथा नियमित प्रशिक्षणमा सहभागी हुन सक्ने हुनु पर्नेछ ।

(छ) सम्बन्धित वडा कार्यालय वा विद्यालयबाट सिफारिस भएको हुनु पर्नेछ ।

(ज) कुनै गम्भीर चोटपटक वा दीर्घकालीन रोग नभएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(झ) खेलाडी छनोट समितिले तोकेको अन्य आवश्यक मापदण्डहरू पूरा गर्नु पर्नेछ ।

**१६) खेलाडी छनौटमा वडा कार्यालयको भूमिका :** एकेडेमीमा प्रशिक्षणमा रहने खेलाडी छनौटमा सम्बन्धित वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक वडाबाट खेलकुदमा रुचि राख्ने तथा योग्य खेलाडीहरूको नाम सङ्कलन गर्ने ।

(ख) छनोट प्रक्रिया निष्पक्ष बनाउन अनुगमन तथा सहजीकरण गर्ने ।

(ग) स्थानीयस्तरमा ट्रायल वा प्रारम्भिक छनोट चरण सञ्चालन गर्न सहयोग गर्ने ।

(घ) खेलाडी छनोट समितिसँग समन्वय गरी योग्य खेलाडीहरूको सिफारिस गर्ने ।

(ङ) आवश्यक परेमा खेलाडी तथा अभिभावकहरूलाई खेलकुदका अवसरहरूबारे जानकारी दिने ।

(च) छनोट भएका खेलाडीहरूको खेलकुद विकासका लागि आवश्यक बजेट तथा अन्य सहयोगको पहल गर्ने ।

**१७) खेलाडी छनौटमा विद्यालयको भूमिका :** एकेडेमीमा प्रशिक्षणमा रहने खेलाडी छनौटमा विद्यालयहरुको भूमिका देहाय बमोजिम हुनेछ :

(क) विद्यालय तहमा फुटबल प्रतियोगिता तथा प्रारम्भिक छनोट कार्यक्रम आयोजना गर्ने ।

(ख) प्रतिभाशाली खेलाडीहरूको पहिचान गरी एकेडेमीमा आवेदन दिन प्रोत्साहित गर्ने ।

(ग) छनोट प्रक्रियाका लागि विद्यालयको खेल प्रशिक्षक वा खेल संयोजकले सिफारिस गर्ने ।

(घ) खेलाडीको अनुशासन, उपस्थिति, खेल क्षमता र शैक्षिक प्रदर्शनबारे प्रतिवेदन तयार गर्ने ।

(ङ) विद्यालय खेल मैदान तथा अन्य पूर्वाधार छनोट प्रक्रियाका लागि उपलब्ध गराउने ।

(च) छनोट भएका विद्यार्थीहरूको अध्ययन तथा खेल तालमेल मिलाउन आवश्यक समन्वय गर्ने ।

**१८) खेलाडीको प्रारम्भिक छनौट :** (क) सम्बन्धित वडा कार्यालय र विद्यालयमा आवेदन दिने विद्यार्थीहरुको प्रारम्भिक छनौट सम्बन्धित वडा कार्यालय र विद्यालयले एकेडेमी व्यवस्थापन समिति सँगको समन्वयमा वडा तहमा नै गर्नेछ ।

(ख) वडा तहमा हुने छनौट प्रतियोगितामा व्यवस्थापन समिति वा खेलकुद विकास समितिका प्रतिनिधिको सहभागिता रहनेछ ।

(ग) खण्ड १४ मा उल्लिखित मापदण्डको आधारमा सम्बन्धित वडा तथा विद्यालयले एक वडा भित्रबाट बढीमा ३ जना प्रशिक्षार्थी विद्यार्थी छनौट गरी वडाको लेटर प्याडमा सिफारिस सहित छनौट भएका र वैकल्पिक प्रशिक्षार्थीको नामावली यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

(घ) शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सबै वडाबाट सिफारिस भई आएका नामावलीलाई अन्तिम रुप दिई एकेडेमी व्यवस्थापन समितिलाई पेश गर्नेछ ।

**१९) खेलाडीको अन्तिम छनौट :** (क) सम्बन्धित वडा कार्यालयबाट छनौट भई आएका नामावलीलाई अन्तिम रुप दिई एकेडेमी व्यवस्थापन समितिले सम्बन्धित प्रशिक्षकको नेतृत्वमा गाउँपालिकास्तरीय खेलकुद विकास समितिसँगको सहकार्यमा खेलाडीको अन्तिम छनौट कार्य गर्नेछ ।

(ख) अन्तिम नामावली प्राप्त भएको एक साताभित्र व्यवस्थापन समितिले प्रशिक्षार्थी खेलाडी अन्तिम छनौटको सूचना सम्बन्धित वडा कार्यालय वा विद्यार्थी मार्फत प्रशिक्षार्थी सहभागीलाई गराउनेछ ।

(ग) इच्छुक प्रशिक्षार्थी विद्यार्थीको परीक्षा लगायतका अत्यावश्यक समयलाई व्यवस्थापन गर्दै उपयुक्त समयमा गाउँपालिकास्तरीय अन्तिम छनौट गर्नु पर्नेछ ।

(घ) अन्तिम छनौट गर्दा छनौटमा पर्ने खेलाडीको अन्तिम सूचीका अलावा सोको चालीस प्रतिशत नघट्नेगरी वैकल्पिक खेलाडी सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

**२०) प्रमाणित कागजात पेश गर्नुपर्ने :** (क) गाउँपालिकास्तरीय छनौट प्रक्रियाबाट अन्तिम छनौटमा परेका सफल र वैकल्पिक प्रशिक्षार्थी खेलाडीहरुले नतिजा सार्वजनिक भएको एक साताभित्र एकेडेमी व्यवस्थापन समितिले तोकेका सम्पूर्ण कागजातहरु समितिमा पेश गर्नु पर्नेछ ।

(ख) तोकिएका कागजात प्राप्त हुन नसकेमा वा झुठा विवरण पेश गरेको पाइएमा उक्त खेलाडीलाई सूचीबाट हटाई व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका खेलाडीबाट पूर्ति गरी प्रशिक्षण कार्य सुरु गर्नेछ ।

(ग) अन्तिम छनौटमा सफल भएका प्रशिक्षार्थी खेलाडीले आफू खेलमा सहभागी हुन नचाहेको खण्डमा अन्तिम छनौटको नतिजा सार्वजनिक भएको एक साताभित्र एकेडेमी व्यवस्थापन समितिमा लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(घ) यसरी निवेदन प्राप्त भएमा व्यवस्थापन समितिले सम्बन्धित प्रशिक्षार्थी विद्यार्थी र अभिभावकसँग छलफल गरी अन्तिम निर्णय लिनेछ ।

## परिच्छेद ५ : दर्ता प्रक्रिया, विमा र स्वास्थ्य सम्बन्धी व्यवस्था

**२१) शर्त पालना गर्नुपर्ने :** (क) बागमती फुटबल एकेडेमीमा प्रशिक्षार्थी विद्यार्थीको रुपमा रहि फुटबल प्रशिक्षण गर्न इच्छुक प्रशिक्षार्थी तथा अभिभावकले फुटबल एकेडेमीले तयार गरेको विस्तृत सहमति फाराम भरी सोमा स्वीकृति जनाउनु पर्नेछ ।

ख) सो फाराम अनुसूची ३ मा दिइएको ढाँचामा हुनेछ ।

**२२) धरौटी रकम जम्मा गर्नुपर्ने :** (क) छनौट हुने प्रशिक्षार्थी खेलाडीको तर्फबाट एकेडेमीमा धरौटी वापतको रकम एकेडेमीको तोकिएको बैंक खातामा जम्मा गरी सोको रसिदको प्रति एकेडेमीमा पेश गर्नु पर्नेछ ।

(ख) एकेडेमीमा भर्ना, खेलकुद प्रशिक्षण र धरौटी लगायत अन्य शुल्क एकेडेमी व्यवस्थापन समितिले निर्धारण गरी गाउँ कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(ग) प्रशिक्षार्थी सहभागीले एकेडेमीमा प्रशिक्षणमा रहन नचाहेमा कुनै जरिवाना वा अन्य व्यवस्थापकीय रकम तिर्नुपर्ने भएमा सो कट्टा गरी बाँकी रकम सम्बन्धित अभिभावकलाई उपलब्ध गराइने छ ।

(घ) असामान्य अवस्थामा बाहेक करार गरेको अवधिभर एकेडेमीमा नरहेमा वा नियम उल्लंघन गरी कारवाहीमा परेमा धरौटी रकम फिर्ता गर्न एकेडेमी बाध्य हुने छैन ।

**२३) बिमा सम्बन्धी व्यवस्था :** (क) एकेडेमीमा प्रशिक्षणमा रहने खेलाडीको बिमा नेपालको प्रचलित कानुन बमोजिम गाउँपालिकाको सहजीकरणमा गरिनेछ ।

(ख) अन्य विमा गर्न चाहेमा परिवार स्वयम्ले गर्नु पर्नेछ ।

**२४) अतिरिक्त कक्षा सम्बन्धी व्यवस्था :** (क) एकेडेमीको छात्रावासमा नै बसोबास गर्ने विद्यार्थीलाई परीक्षा अघि वा परीक्षाको समयमा अतिरिक्त कक्षाको व्यवस्था एकेडेमीले नै गर्नेछ ।

(ख) एकेडेमीमा गैर आवासीय प्रशिक्षार्थीका लागि अतिरिक्त कक्षा स्वयंले समय व्यवस्थापन गरी मिलाउनु पर्नेछ ।

**२५) स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था :** (क) प्रशिक्षण वा खेलको समयमा चोटपटक लागेमा एकेडेमीले तत्काल प्राथमिक उपचारको व्यवस्था गर्नेछ ।

(ख) गम्भीर चोट वा स्वास्थ्य समस्याको अवस्थामा एकेडेमीले नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा रेफर गर्ने व्यवस्था गर्नेछ ।

(ग) खेलाडी तथा प्रशिक्षकहरूको शारीरिक स्वास्थ्यको नियमित रुपमा मूल्यांकनका लागि वार्षिक स्वास्थ्य परीक्षण अनिवार्य रूपमा गर्नेछ ।

(घ) एकेडेमीले खेलाडीहरूका लागि आवश्यक बिमा (स्वास्थ्य तथा दुर्घटना बिमा) को व्यवस्था गर्नेछ ।

(ङ) खेलाडीहरुको समग्र स्वास्थ्य सन्तुलन र प्रवर्द्धनका लागि पोषण तथा मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा उपलब्ध गराइनेछ ।

(च) खेलाडीहरूको लागि विशेष फिजियोथेरापी तथा पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ ।

(छ). एकेडेमीमा आधारभूत मेडिकल सामग्री, प्राथमिक उपचार किट तथा आवश्यक औषधिहरूको व्यवस्था गरिनेछ ।

(ज) गम्भीर चोट लागेमा उपचारका लागि आवश्यक पर्ने आर्थिक सहायता तथा बिमाबाट क्षतिपूर्ति उपलब्ध गराउने नीति लागू गरिनेछ ।

(झ) खेलाडीहरूको स्वास्थ्य स्थिति सुधार गर्न खेलपूर्व तथा खेल पछिको आवश्यक स्ट्रेचिङ, मसाज तथा थेरापी सेवा प्रदान गरिनेछ ।

(ञ) खेलाडीहरूको स्वास्थ्य सुरक्षाका लागि प्रशिक्षक, व्यवस्थापक तथा खेलाडीहरूलाई प्राथमिक उपचार तथा आकस्मिक उपचार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।

**२६) औषधि उपचार विदा सम्बन्धी व्यवस्था :** (क) कुनै खेलाडी गम्भीर रूपमा घाइते भएमा वा स्वास्थ्य समस्या आएमा डाक्टरको सिफारिस अनुसार उपचार बिदा स्वीकृत गरिनेछ ।

(ख) सामान्य चोटपटक वा स्वास्थ्य समस्याको लागि खेलाडीलाई अधिकतम ७ दिन सम्मको उपचार बिदा प्रदान गरिनेछ ।

(ग) गम्भीर चोट वा लामो समयको उपचार आवश्यक परेमा एकेडेमीको निर्णय अनुसार थप बिदाको व्यवस्था मिलाइनेछ ।

(घ) उपचार बिदाका क्रममा खेलाडीलाई पुनर्स्थापना प्रक्रियामा सहयोग गर्न आवश्यक परामर्श तथा फिजियोथेरापी सुविधा प्रदान गरिनेछ।

(ङ) लामो समयसम्म अनुपस्थित हुनुपर्ने अवस्थामा खेलाडीको भविष्य सुनिश्चित गर्न प्रशिक्षक, अभिभावक तथा चिकित्सा विशेषज्ञहरूसँग समन्वय गरी उचित निर्णय लिइनेछ।

## परिच्छेद ६ : आवासीय सुविधा र अन्य व्यवस्था

२७) आवासीय सुविधा : (क) एकेडेमीमा आवासीय रुपमा रहने प्रशिक्षार्थीले एकेडेमीका शर्तहरु पूर्ण रुपमा पालन गर्नुपर्नेछ।

(ख) आवासीय प्रशिक्षार्थीका लागि लाग्ने रकम खेलकुद विकास समिति र एकेडेमी व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) प्रशिक्षार्थी खेलाडीको आवासीय सुविधा र अन्य शुल्कमध्ये आधा रकम गाउँपालिकाले एकेडेमी व्यवस्थापन समितिलाई उपलब्ध गराउने छ भने आधा रकम सम्बन्धित अभिभावकले व्यहोर्नु पर्नेछ।

(घ) एकेडेमीमा नियमित रुपमा फुटबल प्रशिक्षण लिने गैर आवासीय प्रशिक्षार्थीको शुल्क तथा अन्य व्यवस्था खेलकुद विकास समिति एवम् एकेडेमी व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ।

**२८) पोसाक तथा खेल सामग्रीको व्यवस्थापन :** (क) एकेडेमीले प्रशिक्षार्थी खेलाडीहरूलाई प्रशिक्षण तथा प्रतियोगिताका लागि आवश्यक खेल पोशाक (जर्सी, सर्ट, मोजा) निःशुल्क उपलब्ध गराउनेछ।

(ख) प्रत्येक खेलाडीलाई वार्षिक रूपमा कम्तीमा दुई जोर प्रशिक्षण पोसाक तथा एक जोर आधिकारिक खेल पोसाक प्रदान गरिनेछ।

(ग) फुटबल खेलका लागि आवश्यक जुत्ता (स्टड/बुट्स) खेलाडीहरूले स्वयम् व्यवस्था गर्नु पर्नेछ, तर विशेष आवश्यकता भएमा एकेडेमीले सहुलियतको व्यवस्था गर्न सक्नेछ।

(घ) प्रशिक्षण तथा खेलको क्रममा आवश्यक पर्ने फुटबल, कोन, मार्कर, जिम्पर, ग्लोब्स ( गोलकिपरका लागि) जस्ता खेल सामग्री एकेडेमीले उपलब्ध गराउनेछ।

(ङ) खेलाडीहरूले प्रयोग गर्ने खेल पोसाक तथा सामग्रीहरूको नियमित रूपमा मर्मत सम्भार तथा प्रतिस्थापन गर्ने व्यवस्था एकेडेमीले मिलाउनेछ।

(च) प्रत्येक खेलाडीलाई व्यक्तिगत सरसफाइ तथा सुरक्षाका लागि पानीको बोतल, टावल, शिनगार्ड तथा अन्य आवश्यक सामग्री उपलब्ध गराइनेछ।

(छ) खेलाडीहरूले खेल सामग्रीको उचित प्रयोग र संरक्षण गर्नुपर्नेछ, यदि लापरवाहीका कारण नोक्सान भएमा एकेडेमीको नियम अनुसार हुनेछ।

(ज) प्रशिक्षार्थी खेलाडीहरूको सुविधा तथा आवश्यकताका आधारमा एकेडेमीले खेल सामग्री र पोसाक वितरण सम्बन्धी नियमावली तयार गरी कार्यान्वयन गर्नेछ।

**२९) अतिरिक्त पोसाक तथा खेल सामग्रीको व्यवस्थापन :** (क) खेलाडीहरूको आवश्यकताका आधारमा एकेडेमीले अतिरिक्त फुटबल, ट्रेनिंग बिब्स, कर्डिनेसन लेडर, रेजिस्टेन्स ब्यान्ड तथा अन्य आधुनिक प्रशिक्षण सामग्री उपलब्ध गराउनेछ ।

(ख) विशेष प्रशिक्षण कार्यक्रम तथा प्रतिस्पर्धाको लागि खेलाडीहरूलाई व्यक्तिगत रूपमा आवश्यक पर्ने अतिरिक्त सुरक्षात्मक सामग्री (जस्तैः शिनगार्ड, एङ्कल सपोर्ट, थेरापी ब्यान्ड) उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(ग) खेलाडीहरूको शारीरिक फिटनेस अभिवृद्धि गर्न आवश्यक पर्ने जीम उपकरण तथा स्ट्रेचिङ सामग्री एकेडेमीले उपलब्ध गराउने छ ।

(घ) खेलाडीहरूको प्रदर्शन सुधार गर्न आवश्यक पर्ने भिडियो एनालाइसिस उपकरण, स्मार्ट बल तथा अन्य प्रविधि-आधारित खेल सामग्री एकेडेमीले चरणबद्ध रूपमा उपलब्ध गराउनेछ ।

**३०) अध्ययन सम्बन्धी व्यवस्था :** (क) एकेडेमीमा आवद्ध प्रशिक्षार्थी खेलाडीहरूले खेल प्रशिक्षणसँगै आफ्नो औपचारिक अध्ययनलाई निरन्तरता दिनु पर्नेछ ।

(ख) खेलाडीहरूको नियमित अध्ययन सुनिश्चित गर्न एकेडेमीले नजिकको विद्यालय वा कलेजसँग समन्वय गरी अध्ययन समय तालिका मिलाउनेछ ।

(ग) खेल तालिम तथा प्रतियोगिताको कारण अध्ययन प्रभावित नहोस् भन्नका लागि बिहान वा बेलुका अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

(घ) प्रशिक्षार्थी खेलाडीहरूको शैक्षिक प्रगति अनुगमन गर्न शिक्षक, अभिभावक तथा प्रशिक्षकहरू बीच समन्वयात्मक बैठकहरू नियमित रूपमा आयोजना गरिनेछ ।

(ङ) दीर्घकालीन प्रतियोगिता वा प्रशिक्षण यात्रामा रहेका खेलाडीहरूलाई अनलाइन वा वैकल्पिक माध्यमबाट अध्ययन गर्न सुविधा प्रदान गरिनेछ ।

(च) अध्ययनमा कमजोरी देखिएका खेलाडीहरूको लागि अतिरिक्त ट्युटोरियल कक्षा वा मार्गदर्शन कक्षा सञ्चालन गरिनेछ ।

(छ) खेलाडीहरूले परीक्षा अवधिमा अनिवार्य रूपमा परीक्षा दिन पाउने सुनिश्चित गर्न सम्बन्धित शैक्षिक संस्थासँग आवश्यक समन्वय गरिनेछ ।

(ज) अध्ययन र खेल दुबैलाई सन्तुलनमा राख्नका लागि खेलाडीहरूलाई समय व्यवस्थापन तथा अध्ययन प्रविधिबारे विशेष क्षमता विकासका कार्यहरु गरिने छ ।

(झ) उच्च शिक्षाका लागि अवसर खोज्न चाहने खेलाडीहरूलाई खेल छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोग प्राप्त गर्न आवश्यक परामर्श तथा सिफारिस सुविधा प्रदान गरिनेछ ।

## परिच्छेद ७

## प्रशिक्षकको छनौट र अन्य व्यवस्था

**३१) प्रशिक्षकको छनौट प्रक्रिया :** (क) एकेडेमी सञ्चालनका लागि एकेडेमीले एक मुख्य प्रशिक्षक र एक सहायक प्रशिक्षक गरी दुई जना प्रशिक्षक छनौट गरी नियुक्त गर्नेछ ।

(ख) एकेडेमीले सार्वजनिक रूपमा प्रशिक्षक छनोटको लागि आवेदन खुला गर्नेछ ।

(ग) प्राप्त आवेदनहरूको समीक्षा गरी योग्यता पुगेका उम्मेदवारहरूलाई प्रारम्भिक छनोट गरिनेछ ।

(घ) छनोट भएका उम्मेदवारहरूलाई अन्तरवार्ता तथा व्यवहारिक परीक्षण लिइनेछ ।

(ङ) अन्तरवार्ताका क्रममा प्रशिक्षकका उम्मेदवारले आफ्नो कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ ।

(च) मूल्यांकन समितिले योग्य उम्मेदवारहरूको छनोट गरी नियुक्ति करार सम्झौता गर्नेछ ।

(छ) प्रशिक्षकहरूको कार्यसम्पादनको वार्षिक समीक्षा गरी निरन्तरता वा परिवर्तनको निर्णय गरिनेछ।

**३२) प्रशिक्षकको योग्यता :** (क) एकेडेमीका मुख्य प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनेछ :

१. फुटबल प्रशिक्षणसम्बन्धी AFC 'B' लाइसेन्स वा सोभन्दा माथिको प्रमाणपत्र प्राप्त गरेको,

२. क वर्गको फुटबल क्लबमा कम्तीमा ५ वर्षको व्यावसायिक फुटबल प्रशिक्षण अनुभव भएको,

३. विद्यालय, एकेडेमी वा कुनै फुटबल क्लबमा प्रशिक्षकको रूपमा कार्य गरेको अनुभव भएको,

४. एकेडेमी सञ्चालन सम्बन्धी कोर्स वा व्यावसायिक प्रशिक्षण पूरा गरेको,

५. नेतृत्व क्षमता, टिम व्यवस्थापन र अभिभावक तथा एकेडेमीसँग समन्वय गर्ने क्षमता भएको,

६. फुटबल प्रशिक्षणको आधुनिक प्रविधि तथा नवीनतम रणनीति प्रयोग गर्न सक्ने दक्षता रहेको,

७. खेलाडीहरूको अनुशासन, मानसिक सशक्तीकरण तथा चरित्र निर्माणमा विशेष ध्यान दिन सक्ने क्षमता भएको,

८. चोटपटक व्यवस्थापन, फिजिकल फिटनेस र पोषण सम्बन्धी आधारभूत ज्ञान भएको,

९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताहरूको अनुभव वा सहभागिता भएको उम्मेदवारलाई प्राथमिकता दिइने,

१०. प्रशिक्षार्थी खेलाडीहरूको शैक्षिक तथा व्यक्तिगत विकासमा समेत मार्गदर्शन गर्न सक्ने क्षमता भएको ।

(ख) एकेडेमीका सहायक प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनेछ :

१. फुटबल प्रशिक्षण सम्बन्धी AFC 'C' लाइसेन्स वा सोभन्दा माथिको प्रमाणपत्र प्राप्त गरेको,

२. कम्तीमा ३ वर्षको फुटबल प्रशिक्षण अनुभव वा खेलाडीको रूपमा अनुभव भएको,

३. प्रमुख प्रशिक्षकलाई सहयोग गरी प्रशिक्षण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहकार्य गर्ने क्षमता भएको,

४. खेलको आधारभूत रणनीति र शारीरिक अभ्यासको ज्ञान र अभ्यासमा दक्षता भएको,

५. सहायक प्रशिक्षकका रूपमा कार्य गर्दा फुटबलका विभिन्न क्षेत्रहरूको अनुभव र ज्ञान भएको,

६. महिला फुटबलको क्षेत्रसँग सम्बन्धित अनुभव र उत्साह भएका खेलाडीलाई प्राथमिकता दिइने,

७. प्रशिक्षकको रूपमा काम गर्दा टिमको अनुशासन र प्रशिक्षण सामग्रीको व्यवस्थापनमा दक्षता भएको,

८.फुटबल प्रशिक्षणको नयाँ प्रविधि र पद्धतिहरूमा अद्यावधिक रहने र नियमित रूपमा सिक्न चाहने प्रवृत्ति भएको ।

**३३) प्रशिक्षकको छनौटः** (क) गाउँ कार्यपालिकाले देहायानुसार एक प्रशिक्षक छनौट समिति गर्नेछ ।

१.प्रमुख प्रशासकीय अधिकृत -संयोजक

२.खेलकुद विज्ञ -सदस्य

३.गाउँ कार्यपालिका सदस्य मध्ये १ जना -सदस्य

४.खेलकुद विकास समितिको पदाधिकारी मध्ये १ जना -सदस्य

५.एकेडेमी संचालन तथा व्यवस्थापन समितिका सदस्यहरु मध्ये १ जना -सदस्य

६.शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख -सदस्य

७.प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

(ख) छनौट समितिले कम्तीमा सात दिनको म्याद राखी राष्ट्रिय पहुँचको सञ्चार माध्यममा सूचना प्रकाशित गरी प्रशिक्षकको दरखास्त आह्वान गर्नेछ ।

(ग) एक पदमा पाँचभन्दा बढी आवेदन परेमा योग्यता, क्षमता र अनुभवको आधारमा कम्तीमा चार जनाको छोटो सूची प्रकाशन गर्नेछ ।

(घ) छोटो सूचीमा परेका आवेदकलाई लिखित परीक्षा, मौखिक परीक्षा र कार्ययोजना प्रस्तुत गर्न लगाई अन्तिम सूची प्रकाशन गर्नु पर्नेछ ।

(ङ) परीक्षाको पाठ्यक्रम तोकीए बमोजिम हुनेछ ।

**३४) प्रशिक्षकको भूमिका :** (क) बागमती फुटबल एकेडेमीका मुख्य प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछ :

(क) एकेडेमीका खेलाडीहरूको खेलकुद सीप विकास गर्न प्रभावकारी प्रशिक्षण प्रदान गर्ने,

(ख) दीर्घकालीन प्रशिक्षण योजनाहरू तयार पार्ने र कार्यान्वयन गर्ने

(ग) खेलाडीहरूको शारीरिक, मानसिक, तथा प्राविधिक क्षमताको मूल्यांकन गरी सुधारका लागि रणनीति बनाउने,

(घ) एकेडेमीको खेल संरचना, नीति तथा नियमहरू परामर्शदाताहरूसँग समन्वय गरी तय गर्ने,

बागमती गाउँपालिका, मकवानपुर

(ङ) खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूका लागि तयारी गराउने,

(च) प्रशिक्षण सामग्री, प्रविधि तथा अन्य आवश्यक स्रोतहरूको उचित व्यवस्थापन गर्ने,

(छ) सहायक प्रशिक्षक तथा अन्य कर्मचारीहरूबीच समन्वय गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ज) अनुशासन, खेलभावना तथा नेतृत्व क्षमताको विकासमा खेलाडीहरूलाई मार्गदर्शन गर्ने,

(झ) खेलाडी चयन प्रक्रिया पारदर्शी र योग्यतामा आधारित बनाउन विशेष ध्यान दिने,

(ञ) एकेडेमीका अभिभावक, व्यवस्थापन समिति तथा सरोकारवाला पक्षहरूसँग राम्रो समन्वय गर्ने ।

(ख) बागमती फुटबल एकेडेमीका सहायक प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछ :

(क) प्रमुख प्रशिक्षकको मार्गदर्शनमा खेलाडीहरूलाई आवश्यक प्रशिक्षण प्रदान गर्ने,

(ख) खेलाडीहरूको प्राविधिक, शारीरिक तथा मानसिक विकासका लागि सहायक भूमिका खेल्ने,

(ग) प्रशिक्षण तालिका तथा अभ्यास सत्रहरू व्यवस्थित गर्न मद्दत गर्ने,

(घ) खेलाडीहरूको प्रदर्शन मूल्यांकन गरी सुधारका लागि आवश्यक सुझाव प्रदान गर्ने,

(ङ) प्रमुख प्रशिक्षक तथा अन्य टिम सदस्यहरूसँग समन्वय गरी प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउने,

(च) खेलाडीहरूलाई अनुशासन, खेलभावना तथा टीम वर्कको महत्व बुझाउन मार्गदर्शन गर्ने ।

**३५) प्रशिक्षकको सेवा, शर्त र सुविधाहरु :** (क) प्रशिक्षकको सेवा, शर्त र सुविधाहरु एकेडेमी व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ख) मुख्य प्रशिक्षकको आधारभूत तह अधिकृत स्तर छैटौं वा सो सरह हुनेछ भने अतिरिक्त सुविधा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ग) सहायक प्रशिक्षकको आधारभूत तह चौथो वा सो  सरह हुनेछ भन अतिरिक्त सुविधा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(घ) प्रशिक्षक तथा सहायक प्रशिक्षकले एकेडेमी व्यवस्थापन समितिको पूर्व स्वीकृति विना एकेडेमी बाहिर अन्य टिमलाई प्रशिक्षण दिन पाउने छैनन् ।

## परिच्छेद ८

## अल्पकालीन तथा प्रारम्भिक प्रशिक्षण

**३६) बाहृय प्रशिक्षण सुविधा :** (क) कुनै प्रतियोगिता तयारीका लागि क्लब, विद्यालय वा अन्य संगठित संस्थाले एकेडेमीलाई अनुरोध गरेमा निश्चित समयका लागि शुल्क लिएर एकेडेमीले अल्पकालीन प्रशिक्षण सुविधा उपलब्ध गराउन सक्नेछ ।

(ख) अल्पकालीन प्रशिक्षण सुविधा उपलब्ध गराउँदा एकेडेमीको नियमित प्रशिक्षणलाई वाधा नपुग्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(ग) अल्पकालीन बाह्य प्रशिक्षण गराए वापत प्रशिक्षकलाई प्रदान गरिने सेवा सुविधा एकेडेमी व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

**३७) प्रारम्भिक प्रशिक्षण :** (क) एकेडेमीले स्थानीय स्तरमा खेलकुद प्रशिक्षक उत्पादन गरी बागमती गाउँपालिका र छिमेकी स्थानीय तहमा रहेका विद्यालयहरुमा फुटबल प्रशिक्षण सञ्चालन गर्नेछ ।

(ख) यसरी सञ्चालन गरिने प्रारम्भिक प्रशिक्षणको स्थानीय व्यवस्थापकीय खर्च सम्बन्धित विद्यालयले नै गर्नुपर्नेछ ।

(ग) प्रारम्भिक प्रशिक्षण कार्यको अनुगमन एकेडेमी व्यवस्थापन समिति र खेलकुद विकास समितिले आवधिक रुपमा गर्नेछ ।

(घ) प्रारम्भिक प्रशिक्षणका प्रशिक्षकको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## खेलाडीको ग्रेडिङ र सिफारिस

**३८) खेलाडीको ग्रेडिङ :** (क) एकेडेमीमा खेलाडीहरूको ग्रेडिङका लागि खेल कौशल, शारीरिक क्षमता, अनुशासन, तथा प्रशिक्षण सहभागिता जस्ता स्पष्ट र पारदर्शी मापदण्ड लागू गरिने छ ।

(ख) ग्रेडिङ गर्दा खेलाडीहरूको उमेर, शारीरिक क्षमता, र खेल अनुभवलाई मध्यनजर गरिनेछ ।

(ग) कुनै पनि खेलाडीलाई जाति, वर्ग वा अन्य सामाजिक आधारमा विभेद नगरी निष्पक्ष रूपमा ग्रेडिङ गर्नु पर्नेछ ।

(घ) खेलाडी वा अभिभावकलाई ग्रेडिङ सम्बन्धी कुनै असहमति भएमा गुनासो दर्ता गर्ने तथा पुनरावलोकन गर्ने कार्य सुनिश्चित गर्नुपर्नेछ ।

(ङ) खेलाडीहरूको ग्रेडिङ गर्दा उनीहरूको खेल क्षमतासँगै नैतिकता, अनुशासन, टिम भावना, र खेलभावना समेत ध्यान दिनुपर्ने छ ।

**३९) सिफारिस :** (क) कुनै खेलाडी बागमती फुटबल एकेडेमीबाट पारिवारिक र शिक्षाका कारण अन्य एकेडेमीमा स्थानान्तरण हुन चाहेमा एकेडेमीले मनासिव कारण सहित सरुवाका लागि सिफारिस गर्न सक्ने छ ।

(ख) यसरी सिफारिस गर्नुपूर्व स्थानान्तरण हुन चाहेको एकेडेमीबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद १०

## प्रतियोगिता सञ्चालन र सहभागिता

**४०) प्रतियोगिता सञ्चालन :** (क) एकेडेमीले खेल भावनाको विकास गर्न, खेल कौशल अभिवृद्धि गर्न र खेलाडीहरुको प्रदर्शनमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्न विभिन्न उमेर समूहको खेलकुद प्रतियोगिता सञ्चालन गर्नेछ ।

(ख) खेलकुद प्रतियोगिता आयोजना गर्नुपूर्व सोको विस्तृत अवधारणापत्र तयार गरी एकेडेमी व्यवस्थापन समितिले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) प्रतियोगितामा एकेडेमीको टोलीले समेत सहभागिता जनाउने गरी आयोजना गर्नुपर्नेछ ।

**४१) प्रतियोगिता अवधिका लागि सेवा सुविधा :** (क) प्रतियोगितामा सहभागी हुने टोलीको अन्तिम निर्णय मुख्य प्रशिक्षकको परामर्शमा एकेडेमी व्यवस्थापन समितिले गर्नेछ ।

(ख) एकेडेमीले प्रतियोगिता अवधिभर खेलाडीहरूको खाना, बसोबास, तयारी अभ्यास आदिको व्यवस्था गर्नेछ ।

(ग) टोलीमा छनौट भएका खेलाडीको अन्तिम परीक्षा तथा त्यस्तै गम्भीर कारणले खेलमा सहभागिता जनाउन नसक्ने भएमा एकेडेमीमा लिखित निवेदन दिनुपर्नेछ। यसरी निवेदन प्राप्त भएमा सोको गम्भीरताका आधारमा मुख्य प्रशिक्षकले अतिरिक्त खेलाडीलाई टोलीमा अवसर दिनुपर्ने छ ।

(घ) प्रतियोगिताको अवधिमा घाइते भएमा वा चोटपटक लागेमा सोको उपचारको पूर्ण दायित्व एकेडेमीको हुनेछ ।

(ङ) प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई प्रशिक्षक, टोली व्यवस्थापक र एकेडेमी व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले प्रोत्साहन तथा पुरस्कार प्रदान गर्नेछ ।

## परिच्छेद ११

## कोषको स्थापना र सञ्चालन

**४२) कोषको स्थापना :** (क) एकेडेमीको नियमित सञ्चालनका लागि एक अलग्गै कोष स्थापना गरिनेछ।

(ख) कोषको सञ्चालनका लागि एकेडेमी व्यवस्थापन समितिद्वारा स्पष्ट नियम तथा कार्यविधि तयार गरिनेछ ।

(ग) कोषमा आवश्यक रकम संकलन गर्न सरकारी तथा निजी क्षेत्रबाट आर्थिक सहयोग लिइनेछ ।

(घ) कोष वृद्धिका लागि गाउँपालिकाले वार्षिक रुपमा विनियोजन गर्ने रकमका अलावा प्रदेश तथा सङ्घीय सरकार, विभिन्न दातृ संस्था, प्रायोजक, फुटबल क्लब, संघसंस्था तथा फुटबल सम्बन्धी कार्यक्रमहरूबाट आम्दानीको व्यवस्था गर्नेछ ।

(ङ) कोषको पारदर्शिता तथा दिगोपन सुनिश्चित गर्न नियमित लेखापरीक्षण, वित्तीय व्यवस्थापन प्रणाली तथा प्रतिवेदन सार्वजनिक गरिनेछ ।

**४३) कोषको सञ्चालन :** (क) सो कोष सञ्चालनका लागि एकेडेमी व्यवस्थापन समितिका संयोजक र सदस्य सचिवको हस्ताक्षर रहने गरी वाणिज्य बैंकमा खाता सञ्चालन गरिनेछ ।

(ख) सो कोषबाट खेलाडी छात्रवृत्ति, प्रशिक्षण सामग्री, कोचिङ विकास तथा प्रतियोगितामा सहभागी हुनका लागि आवश्यक आर्थिक सहायता प्रदान गरिनेछ ।

(ग) प्रत्येक आर्थिक वर्षको अन्त्यमा खाताको लेखापरीक्षण गरी वार्षिक वित्तीय प्रतिवेदन सार्वजनिक गरिनेछ ।

(घ) खाताको पारदर्शिता सुनिश्चित गर्न सम्पूर्ण आम्दानी र खर्चको विवरण एकेडेमीका सरोकारवालाहरूलाई जानकारी गराइनेछ ।

## परिच्छेद १२

## भौतिक पूर्वाधारको विकास र विस्तार

**४४) पूर्वाधार विकास :** (क) फुटबल एकेडेमीका भौतिक पूर्वाधारको निर्माण, सुधार र स्तरीकरणका लागि योजनाबद्ध रूपमा कार्य गर्नु पर्नेछ ।

(ख) एकेडेमीको मैदानको माप, सतह र बनावटलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुधार गर्दै लैजानु पर्नेछ ।

(ग) प्रशिक्षणको लागि आधुनिक उपकरण र सामग्री उपलब्ध गराउने उद्देश्यले उपकरणहरूको सूची तयार गरी खरिद गर्नु पर्नेछ ।

(घ) खेलाडीहरूको आराम र पुनर्संयोजनका लागि व्यायामशाला र विश्राम कक्षको निर्माण गर्नु पर्नेछ ।

(ङ) एकेडेमीमा खेलाडीहरूको लागि शौचालय, चेञ्जिङ रुम र पानीको सुविधा प्रदान गरिनेछ ।

(च) एकेडेमीको प्रशासनिक भवनलाई सुसज्जित र प्रभावकारी बनाउने उद्देश्यले आवश्यक सुधार गरिनेछ ।

(छ) स्वास्थ्य र सुरक्षाका लागि प्राथमिक उपचार कक्षको व्यवस्था एकेडेमीमा नै हुनेछ भने एम्बुलेन्स आवश्यक परेमा गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ ।

**४५) पूर्वाधार विस्तार :** (क) प्रतियोगिताका कारण एकेडेमीको नियमित प्रशिक्षणलाई बाधा पुग्न नदिनका लागि वैकल्पिक खेल मैदान र बैकल्पिक अभ्यास स्थलको विकास गरिनेछ ।

(ख) एकेडेमी नजिकका सम्भावित स्थलमा वैकल्पिक खेल मैदान निर्माण र सञ्चालन गर्दै लगिने छ ।

## परिच्छेद १३

## आवासीय खेलाडी कायम नरहने

**४६) आवासीय सुविधा नरहने :** (क) निम्न अवस्थामा खेलाडीले पाएको आवासीय सुविधा कायम रहने छैन :

(अ) एकेडेमीका नियम र अनुशासन उल्लंघन गरी कम्तीमा दुई पटक सुधारको मौका दिँदा पनि सुधार नगरेमा,

(आ) खेलाडीले आफ्नो खेलमा आवश्यक सुधार नदेखाएमा,

(इ) खेलाडीको स्वास्थ्य स्थितिमा सुधार नदेखिएमा वा दीर्घकालीन चोटपटकको कारण उनीहरू तालिममा सहभागी हुन नसक्ने भएमा,

(ई) खेलाडीले करार अनुसारका आर्थिक तथा अन्य दायित्वहरु बहन नगरेमा

(ख) अनुशासन उल्लंघनका कारण खेलाडीको आवासीय सुविधा वा करार सम्झौता भंग गर्नुपूर्व मनासिव सफाइको मौका दिनु पर्नेछ ।

## परिच्छेद १४

## प्रशिक्षार्थी खेलाडी कायम नरहने

**४७) प्रशिक्षार्थी खेलाडी नरहने :** (क) देहायको अवस्थामा प्रशिक्षार्थी खेलाडीको प्रशिक्षण करार भंग गरिने छ :

(अ) खेलाडीले एकेडेमीका नियम र अनुशासनको उल्लंघन गरेमा,

(ख) खेलाडीले खेलप्रतिको रुची र लगनमा कमी देखाएमा र परामर्श पश्चात् पनि सुधार नल्याएमा,

(ग) आवश्यक शुल्क वा अन्य आर्थिक दायित्वहरू मनासिव कारण विना नै समयमै पूरा नगरेमा,

(घ) खेलाडीको स्वास्थ्यमा गम्भीर समस्या देखा परी उपचार सम्भव नभएको मान्यताप्राप्त चिकित्सकको लिखित राय भएमा,

(ङ) प्रशिक्षकसँग बारम्बार विवाद उत्पन्न गर्ने, एकेडेमीको आचारसंहिता उल्लंघन गर्ने र नेपालको प्रचलित कानुनको बर्खिलाप हुने कुनै पनि कार्य गरेमा,

(च) खेलाडीले शारीरिक, मानसिक वा नैतिक दृष्टिले असमर्थता देखाएमा ।

(ख) हटाउनुपूर्व खेलाडीलाई सफाइको मनासिव मौका दिइनेछ ।

## परिच्छेद १५

## विविध

**४८) प्रचलित कानुनको पालना :** (क) यस एकेडेमीमा आवद्ध खेलाडी, प्रशिक्षक, व्यवस्थापक, फिजियो, चिकित्सक, एकेडेमी व्यवस्थापन समितिका पदाधिकारी, खेलकुद विकास समितिका सदस्य तथा पदाधिकारी सबैले नेपालको प्रचलित कानुनको पालना गर्नुपर्ने छ ।

(ख) किशोरी तथा महिलासँग सम्बन्धित सुरक्षा एवम् संरक्षण (Safeguarding and Protection) का सम्पूर्ण प्रावधानको पालना गर्नु पर्नेछ ।

(ग) बाल अधिकार महासन्धिका प्रावधानहरु, नेपालको संविधानले निर्दिष्ट गरेका बालबालिका सम्बन्धी हक, महिला सम्बन्धी हक, छुवाछुत विरुद्धको हक, दलितको हक, शिक्षा सम्बन्धी हक, बालबालिका ऐन, २०७५, बालश्रम (निषेध र नियमन) ऐन, २०५६, फौजदारी संहिता, २०७४, विद्यमान कुप्रथाजन्य कुरिती अन्त्य सम्बन्धी कानुनी व्यवस्था लगायतका कानुनहरु पूर्ण रुपमा पालन गर्नुपर्नेछ ।

**४९. खारेजी तथा बचाउ :** बागमती गाउँपालिकाको खेलकुद एकेडेमी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी यसअघि भएका कानुनी प्रावधान यस कार्यविधि लागू भए पश्चात् स्वतः खारेजी भएको मानिने छ तर पूर्व स्वीकृत भएका कार्यविधि, मार्गदर्शन र आदेशहरुवाट भएका काम कार्वाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ।

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची १

आवेदन फाराम

*(दफा १४ सँग सम्बन्धित)*

**बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

मकवानपुर, बागमती प्रदेश, नेपाल

बागमती फुटबल एकेडेमी

# छनौट प्रक्रियाका लागि आवेदन फाराम

आवेदन फाराम भर्ने मितिः .................

फारम नम्बरः ...................

क) व्यक्तिगत विवरण

१. पूरा नाम (नेपालीमा): ........................................................

२. पूरा नाम (अंग्रेजीमा): .......................................................

३. लिङ्गः ☐ पुरुष ☐ महिला ☐ अन्य

४. जन्म मितिः

वि.सं.: .........................  ई.सं.: .........................

(प्रमाणका लागि जन्म दर्ता फाराम र स्वास्थ्य संस्थाको जन्म दर्ता फाराम समावेश गर्नुहोस्)

५. उमेर (आवेदन दिनुको मितिमा): ........... वर्ष ................. महिना ................ दिन

६. स्थायी ठेगानाः

गा.पा/न.पाः .............................. वडा नंः .........

टोल/गाउँः ......................................

जिल्लाः ..........................................

७. हालको ठेगाना (यदि फरक छ भने): ..............................................

८. अभिभावकको नामः ................................................

बागमती गाउँपालिका, मकवानपुर

नाताः ☐ बाबु ☐ आमा ☐ अभिभावक

सम्पर्क नम्बरः ................................

९. बालक/बालिकाको सम्पर्क नम्बर (यदि छ भने): ......................

१०. अभिभावकको इमेल ठेगाना (यदि छ भने): .............................................

११. विद्यालयको नाम र कक्षाः

विद्यालयः ..............................................

हाल अध्ययनरत कक्षाः ...........

ख) स्वास्थ्य सम्बन्धी जानकारी

१. बालक/बालिकालाई हाल कुनै गम्भीर रोग वा चोटपटक छ ?

☐ छ ☐ छैन

यदि छ भने, विवरण उल्लेख गर्नुहोस्ः .................................................................

२. पहिले कहिल्यै लामो समयको लागि अस्पताल भर्ना भएको थियो ?

☐ हो ☐ होइन

यदि हो भने, कारणः ................................................................

ग) खेलकुद सम्बन्धी अनुभव

१. पहिले फुटबल खेलेको अनुभव छ ?

☐ हो ☐ होइन

२. खेल अनुभव भएमा विवरण उल्लेख गर्नुहोस्ः

- खेलेको स्थानः ..................................................
- क्लब वा विद्यालयः .............................................
- खेलको अनुभव (वर्ष): ......................
- खेलमा भाग लिएको प्रतियोगिता (यदि छ भने):

१. .............................................

बागमती गाउँपालिका, मकवानपुर

२. ............................................

घ) सहमति पत्र

म, यस फारममा उल्लेख गरिएका सबै विवरणहरू सत्य र यथार्थ छन् भनी प्रमाणित गर्दछु । एकेडेमीमा छनोट भएमा तोकिएको नियम तथा शर्तहरू पालना गर्नेछु ।

आवेदकको दस्तखतः ...............................

मितिः ...............................

अभिभावकको नामः ...............................

अभिभावकको दस्तखतः ...............................

मितिः ...............................

ङ) कार्यालय प्रयोजनका लागि मात्र

१. फारम प्राप्त मितिः ...............................

२. फारम जाँच गर्ने अधिकारीको नामः ...............................

३. छनोट प्रक्रियाः ☐ प्रारम्भिक छनोट ☐ अन्तिम छनोट

४. कैफियत (यदि कुनै हो भने): ..................................................

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची २

वैयक्तिक विवरण

*(दफा १४ सँग सम्बन्धित)*

## क) व्यक्तिगत विवरण

१. पूरा नाम (नेपालीमा): ..................................................................

२. पूरा नाम (अंग्रेजीमा): ................................................................

३. लिङ्ग: ☐ पुरुष ☐ महिला ☐ अन्य

४. जन्म मिति:

वि.सं.: ..................... ई.सं.: .....................

५. उमेर (वर्ष): ............

६. नागरिकता: ☐ नेपाली ☐ अन्य (उल्लेख गर्नुहोस्): .........................

७. जन्मस्थान (गा.पा/न.पा, वडा, जिल्ला): ..................................................................

८. स्थायी ठेगाना:

गा.पा/न.पा: ............................. वडा नं: ..........

टोल/गाउँ: ..........................................

जिल्ला: .............................................

९. हालको ठेगाना (यदि फरक छ भने): ......................................................

## ख) पारिवारिक विवरण

१०. बाबुको नाम: ..............................................

पेशा: ..............................................

सम्पर्क नम्बर: ..............................................

११. आमाको नाम: ..............................................

पेशा: ..............................................

बागमती गाउँपालिका, मकवानपुर

सम्पर्क नम्बरः ............................................

१२. अन्य अभिभावक (यदि भएमा):

नामः ............................................ नाताः ...........................

सम्पर्क नम्बरः .......................................

## ग) शैक्षिक विवरण

१३. हाल अध्ययनरत विद्यालयको नामः ............................................

१४. कक्षाः .......................

१५. विद्यालयको ठेगानाः .................................................

## घ) स्वास्थ्य सम्बन्धी जानकारी

१६. तपाईंलाई कुनै पुरानो/दीर्घकालीन रोग छ ?

☐ हो ☐ होइन

यदि हो भने, विवरणः ............................................................

१७. तपाईंले फुटबल खेल्दा कुनै चोटपटक वा दुर्घटना भोग्नु भएको छ ?

☐ हो ☐ होइन

यदि हो भने, विवरणः ............................................................

## ङ) खेलकुद सम्बन्धी विवरण

१८. फुटबल खेल्ने अनुभव (वर्ष): .......................

१९. पहिले सहभागी भएको क्लब/टिम /प्रतियोगिता (यदि छ भने):

१. ............................................

२. ............................................

३. ............................................

बागमती गाउँपालिका, मकवानपुर

२०. आफ्नो मुख्य भूमिका/स्थान (Position):

☐ गोलकिपर ☐ डिफेण्डर ☐ मिडफिल्डर ☐ फरवार्ड

२१. अन्य खेल खेल्ने गर्नुहुन्छ भने उल्लेख गर्नुहोसः ..................................................

## च) सहमति र हस्ताक्षर

म, माथि उल्लेख गरिएका सबै विवरणहरू सत्य र यथार्थ हुन् भनी प्रमाणित गर्दछु।

प्रशिक्षार्थीको दस्तखतः ____________________ मितिः ______________

अभिभावकको नामः ____________________ दस्तखतः ______________

छ) एकेडेमी प्रशासनको टिप्पणी (कार्यालय प्रयोजनका लागि मात्र)

दर्ता नम्बरः ................................

दर्ता मितिः ................................

सम्बद्ध प्रशिक्षकको नामः ................................

कैफियतः ....................................................

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची ३

फुटबल एकेडेमीमा रहनका लागि सहमति फाराम

*(दफा २१ सँग सम्बन्धित)*

**बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

मकवानपुर, बागमती प्रदेश, नेपाल

बागमती फुटबल एकेडेमी

# सहमति/प्रतिवद्धतापत्र

म (प्रशिक्षार्थी खेलाडी) र मेरा अभिभावक/अभिभावक तल उल्लिखित शर्तहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । हामीलाई थाहा छ कि यो एकेडेमीमा आवासीय रूपमा रहने प्रशिक्षार्थी खेलाडीको रूपमा चयन हुन गम्भीर जिम्मेवारी, नियमित अनुशासन, खेल अभ्यास, शिक्षा र स्वास्थ्यप्रति समर्पण आवश्यक छ ।

**नियम तथा सर्तहरू**

**१. आवासीय सुविधा अन्तर्गत बसोबास गर्ने भएमा**

- म एकेडेमीको छात्रावासमा नियमपूर्वक बस्न तयार छु ।
- मैले तोकिएको समयमै सुत्ने, उठ्ने, खाना खाने र प्रशिक्षणमा भाग लिनेछु ।

**२. अनुशासन पालना गर्ने**

- प्रशिक्षक, सुपरवाइजर, व्यवस्थापक तथा कर्मचारीको निर्देशन पालना गर्नेछु ।
- कुनै पनि खालको दुर्व्यवहार, अभद्र व्यवहार, झगडा वा गैरकानुनी कार्य गर्ने छैन ।

**३. शिक्षामा निरन्तरता**

- म आफ्नो नियमित विद्यालय शिक्षामा पनि निरन्तर लागिरहनेछु ।
- होमवर्क, परीक्षा र अन्य शैक्षिक कार्यहरू समयमै पूरा गर्नेछु ।

**४. स्वास्थ्य र सरसफाइमा ध्यान दिने**

- व्यक्तिगत सरसफाइमा ध्यान दिनेछु ।
- बीमार भएमा तुरुन्त जानकारी दिनेछु ।
- आवश्यक खोप वा स्वास्थ्य परीक्षणमा सहभागी हुनेछु ।

**५. खेल अभ्यासमा समर्पण**

- दैनिक तालिका अनुसार प्रशिक्षणमा भाग लिनेछु ।
- चोटपटक भएमा प्रशिक्षकलाई जानकारी दिनेछु ।

बागमती गाउँपालिका, मकवानपुर

## ६. छुट्टी र विदा

- पूर्व स्वीकृति बिना एकेडेमी छोड्ने छैन ।
- छुट्टी आवश्यक परेमा अभिभावकमार्फत लिखित निवेदन दिनेछु ।

## ७. सम्पत्ति तथा सरसामानको संरक्षण

- एकेडेमीको सम्पत्ति, खेल सामग्री तथा बसोबासको सरसफाइमा विशेष ध्यान दिनेछु ।
- जानाजनी, तोडफोड र अन्य क्षति पुऱ्याएमा क्षतिपूर्ति दिनुपर्नेछ भन्ने जानकारीमा छ ।

## ८. वित्तीय तथा अन्य जिम्मेवारी

- एकेडेमी व्यवस्थापनले निर्धारण गरेको शूल्क समयमा नै तिर्न हामी प्रतिवद्ध छौं ।
- आवश्यकता अनुसार एकेडेमी व्यवस्थापन समिति, प्रशिक्षक, खेलकुद विकास समिति र गाउँपालिकाले आव्हान गरेको बैठक तथा छलफलमा उपस्थित हुन हामी सहमत छौं ।
- खेलकुद एकेडेमी, प्रशिक्षण, खेलकुद विकास समिति र गाउँपालिकाले गरेका कुनै निर्णय उपर चित्त नबुझेमा आधिकारिक रुपमा सम्बन्धित निकायमा जानकारी गराउने छौं, र एकेडेमी, गाउँपालिका तथा खेलकुद विकास समितिलाई आँच पुग्नेगरी अरुसँग कुनै पनि अवाञ्छित टिप्पणी (ब्याकबाइट) गर्ने र अवाञ्चित राजनीतिक टिप्पणी गर्ने छैन ।

## ९. फारमको जानकारी साँचो हो भन्ने पुष्टि

- यस सहमति फारममा उल्लेख गरिएका सम्पूर्ण जानकारीहरू सत्य, यथार्थ र मेरो जानकारीमा आधारित छन् ।

## सहमति तथा दस्तखत

म, माथि उल्लिखित शर्तहरू पूर्ण रूपमा पढी बुझी पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । म स्वयम् ( प्रशिक्षार्थी) तथा मेरो अभिभावक/अभिभावक बीच सहमति भएको हो ।

प्रशिक्षार्थी खेलाडीको नामः ..................................................

प्रशिक्षार्थीको दस्तखतः ____________________ मितिः ________________

अभिभावक/अभिभावकको नामः ..................................................

दस्तखतः ____________________ सम्पर्क नम्बरः ________________

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर